नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

# म्याग्दीका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिएको थप निषेध आदेश ।

महामारीको रूपमा फैलिदैं गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण म्याग्दी जिल्लामा तीव्र रूपमा बढीरहेको हुदाँ उक्त संक्रमण रोकथाम तथा नियन्त्रण गर्न संक्रमणको चेन ब्रेक (Chain Break) को लागि निषेध आदेश जारी गर्न अपरिहार्य भएकोले यस पूर्व जारी भएको निषेध आदेश २०७८ असार १४ गते सम्म कायम रहेको सन्दर्भमा संक्रमण अझै रहिरहेकोले मिति २०७८ असार १४ गते बसेको जिल्ला कोभिड व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको निर्णय समेतका आधारमा, नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८; संक्रामक रोग ऐन, २०२०; स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८ असार १४ गते रातको १२:०० बजे देखि मिति २०७८ असार २३ गते रातको १२:०० बजेसम्म म्याग्दी जिल्लाभर लागू हुने गरी देहायको निषेध आदेश थप गरी जारी गरिएको व्यहोरा अनुरोध छ ।

## देहाय

१. अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कने र हिड्डुल नगर्ने, गर्न नपाइने ।

२. सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, मानिसहरु भेलाजम्मा हुने, भिडभाड, जुलुस, जात्रा, महोत्सव नगर्ने ।

३. एम्बुलेन्स; दमकल; शववाहन; बिरामी तथा कुरूवा बोक्ने सवारी साधन; चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्यूटी जाने आउने प्रयोजनमा प्रयोग गर्ने सवारी साधनहरु; औषधी तथा स्वास्थ्य सेवाका सामाग्री बोकेका सवारी साधनहरू; अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरू; प्रेस पास तथा परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु; फोहोरमैलाका सवारी साधन; केवल, टेलिफोन, विद्युत तथा खानेपानी मर्मतका सवारी साधन तथा मालसामान बोक्ने ढुवानीका सवारीका साधनहरू (चालक र सहचालक मात्र) बाहेकका कुनै प्रकारका सार्वजनिक वा निजी सवारी साधन तथा यात्रुबाहक सवारी साधन सञ्चालन नगर्ने नगराउने ।

४. अत्यावश्यक कामको प्रयोजनका लागि प्रयोग भएको मोटरसाइकलवालाले चालक र थप १ जनासम्म हेलमेट र स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी संचालन गर्नुपर्ने ।

५. मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा जनस्वास्थ्यको मापदण्ड पालना गर्ने गरी नित्य पूजा र प्रार्थना मात्र गर्ने गरी अन्य कार्य नगर्ने नगराउने ।

६. क्याम्पस, विद्यालय लगायत सबै प्रकारका शैक्षिक संस्था, तालिम, प्रशिक्षण केन्द्रहरू तथा विद्यालयबाट भौतिक रूपमा उपस्थित भई सञ्चालन हुने पठनपाठन लगायत परिक्षाहरू समेत स्थगित गर्ने ।

७. सिनेमा हल, पार्टी प्यालेस, होटेल, रेष्टुरेण्ट, चिया तथा खाजा पसल, नाचघर, क्लब, पार्क, खेलकुद स्थल, व्युटी पार्लर, स्वीमिङ पुल, सिलाई बुनाई उद्योग, धुपबत्ति उद्योग, मैनबत्ति उद्योग, योगा सेन्टरहरू, तातोपानी कुण्डहरू, सैलुन आदी धेरै मानिस एकै ठाउँ कोठाभित्र जम्मा भई काम गर्नुपर्ने कलकारखानाहरू लगायतका सेवा उद्योगहरू नखोल्ने तथा सञ्चालन नगर्ने ।

८. विवाह, ब्रतबन्ध एवं अन्य संस्कारजन्य कार्यक्रमहरू पार्टी प्यालेस तथा होटलमा सञ्चालन नगर्ने नगराउने । पूर्व निर्धारित विवाह कार्यक्रम आफ्नै घर परिसरमा सञ्चालन गर्दा तोकिएका स्वास्थ्य तथा सुरक्षा मापदण्ड अनिवार्य रूपमा पालना गरी दुबै पक्षका गरी १० जना भन्दा बढी व्यक्ति सहभागी हुन नपाइने, सवारी साधन प्रयोग गर्नुपर्नेको हकमा बर वा बधु पक्षले बढीमा ५ जना मात्र हुने गरी एक वटा सवारी साधन मात्र व्यानर राखी प्रयोग गर्ने ।

गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

९. आफुनै प्रत्यक्ष संलग्न भई गर्नुपर्ने मृत्यु संस्कार बाहेकका अन्य गतिविधिहरूमा संलग्न नहुने । दाहसंस्कार गर्दा नेपाल सरकारको कोरोना संक्रमितको शव व्यवस्थापन निर्देशिका बमोजिम २५ जना भन्दा बढी सहभागी नहुने ।

१०.औषधी एवं स्वास्थ्य सामाग्रीका पसलहरू २४ सैं घण्टा खुला रहने ।

११.खाद्यान्न, कृषि औजार, मल, बिउविजन, स्थानीय उत्पादित तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, हार्डवयर पसल, पुस्तक तथा स्टेशनरी पसल, सुनचाँदी पसल, टेलरिङ, फेन्सी तथा कपडा पसल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, भाँडापसल, ग्याँस, पेट्रोल लगायतका सेवाका पसलहरू स्वास्थ्य सुरक्षाका मापदण्डहरूको पूर्ण पालना गरी बिहान ५:०० बजे देखि १:०० बजे सम्म मात्र खोल्ने ।

१२.उद्योग र सार्वजनिक निर्माण कार्यमा संलग्न कर्मचारी तथा श्रमिकहरूलाई उद्योग परिसर वा निर्माण स्थल नजिकै खाना र बाँसको व्यवस्था गरी सञ्चालन गर्ने/गराउने ।

१३.जिल्लास्थित सरकारी कार्यालयहरूले स्वास्थ्य मापदण्डहरूको पूर्ण पालना गरी साप्ताहिक रूपमा देहाय अनुसारका स्थानिय तहका सेवाग्राहीको लागि आलोपालो प्रणाली अनुसार निम्नानुसार सेवा दिने गरी व्यवस्था गर्ने गराउने ।

**निम्न**

| | |
|---|---|
| आइतबार - धवलागिरी र अन्नपूर्ण गाउँपालिका | सोमबार - मालिका गाउँपालिका |
| मंगलबार - बेनी नगरपालिका | बुधबार - रघुगंगा गाउँपालिका |
| बिहिबार - मंगला गाउँपालिका | शुक्रबार - बेनी नगरपालिका |

१४.बैंक तथा वित्तिय संस्थाहरूले स्वास्थ्य तथा सुरक्षा मापदण्डहरू पूर्ण रूपमा अपनाइ नियमानुसार सेवा संचालन गर्ने । कर्जा असुली एवं लगानीका लागि घर/गाउँ जाने तथा समुह भेला/बैठक जस्ता कार्य नगर्ने नगराउने ।

१५.सरकारी तथा निजी कार्यालय र बैक वित्तिय संस्थाका कर्मचारीहरू घरबाट कार्यालय आउन र जान बिहान ९:०० देखि १०:०० बजे र बेलुका ५:०० बजे देखि ६:०० बजे सम्म मात्र परिचयपत्र र पोशाकका आधारमा आवतजावत गर्ने गराउने ।

१६.मंगला गाउँपालिका वडा नं. १ कुहुँ र पूर्णगाउँमा १०२ जनाको एन्टीजेन परीक्षण गर्दा ३९ जनामा कोभिड संक्रमण पुष्टि भएकोले उक्त वडामा मंगला गाउँपालिकाबाट सिफारिस भई आए बमोजिमको चार किल्ला भित्र सवारी साधन र आवतजावत गर्न बन्द (Seal) गर्ने/गराउने निर्णय गरियो ।

१७.प्रत्येक स्थानीय तहहरूले कोभिड १९ रोकथाम सुक्ष्म योजना, होम आइसोलेसन किट तथा एन्टिजेन टेष्टिङ प्रोटोकलको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने/गराउने ।

१८.माथि उल्लेखित आदेशको पालना गर्नु/गराउनु सबै व्यक्ति, संघ-संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरूको कर्तब्य हुनेछ ।

उल्लेखित निषेध आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८; संक्रामक रोग ऐन, २०२०; कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ एवं अन्य प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७८।३।१४

गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी

मिति: २०७८/०३/१४